# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. खतिवडा चीन भ्रमण सम्पन्न गरी स्वदेश फिर्ता

नेपाल राष्ट्र बैंक र चीनको केन्द्रीय बैंक पिपल्स बैंक अफ चाइनाबीच दुई पक्षीय वित्तीय एवम् बैकिङ सहयोग आदानप्रदानलाई थप सुदृढ र व्यवस्थित बनाउने सम्बन्धमा पिपल्स बैंक अफ चाइनाका गभर्नर Dr. Zhou Xiaochuan को निमन्त्रणामा नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडावाट यही पुस ७ र ८ २०७१ सम्म चीनको भ्रमण सम्पन्न भएको छ । चीन भ्रमणका क्रममा केही महत्वपूर्ण सम्झौता र सहमतिमा हस्ताक्षर हुनुका साथै र द्विपक्षीय आर्थिक वित्तीय एवं बैंकिङ सहयोग सम्वन्धमा उल्लेखनीय कार्यहरु भएका छन् । भ्रमणका अवसरमा गभर्नर डा. युवराज खतिवडा र गभर्नर डा. Zhou Xiaochuan बीच द्विपक्षीय भुक्तानी तथा त्यसको हिसाब मिलान र सहयोग सम्बन्धी पूरक सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ । त्यस्तै, दुबै केन्द्रीय बैंकका गभर्नरहरुको समुपस्थितिमा **Financial Information Unit (FIU) Nepal र China Anti Money Laundering Monitoring and Analysis Centre (CAMLMA),** बीच पनि आपसी सहयोग र सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर समेत सम्पन्न भएको छ ।

त्यसैगरी चीनको बैकिङ, नियमन तथा सुपरिवेक्षणसम्बन्धी निकाय (China Banking Regulatory Commission - CBRC) का अध्यक्षसँग द्विपक्षीय बैकिङ्ग कारोवार विस्तार र सुपरिवेक्षकीय सहयोग आदान प्रदान सम्बन्धमा छलफल भएको छ भने नेपालमा चिनिया बैंकको सेवा विस्तार गर्न प्रोत्साहन गर्नका लागि चीनका दुई ठुला वाणिज्य बैंकहरु उच्च पदाधिकारी सँग वार्ता र छलफल समेत सम्पन्न भएको छ ।

### नेपाल राष्ट्र बैंक र पिपुल्स बैंक अफ चाइनाबीच दुई पक्षीय हिसाव मिलान र सहयोग सम्बन्धी पूरक सम्झौतामा हस्ताक्षर



नेपाल राष्ट्र बैंक र पिपुल्स बैंक अफ चाइनाबीच सन् २००२ मा भएको द्विपक्षीय व्यापार र वित्तीय कारोवारको भुक्तानी र त्यसको हिसाव मिलान र सहयोग सम्बन्धी सम्झौता हालको विकसित र वदलिदो परिस्थितिसँग सामन्जस्य बनाउन नेपाली बैंकहरुले चिनिया मुद्रामा चिनिया बैंकमा खाता खोल्न थप सहज र सरलीकरण गर्न, चीनसँगको व्यापारको भुक्तानीमा चिनिया मुद्रा समेत प्रयोग गर्न सक्ने बनाउन र चिनिया मुद्राको नगद कारोवारमा सरलीकरण गर्न यससम्बन्धी व्यवस्थालाई परिमार्जन गर्दै विद्यमान व्यवस्थालाई अहिलेको व्यापार, पर्यटन, लगानी तथा वित्तीय कारोवारका सन्दर्भमा समेत अत्यन्त उदार र विकसित प्रारुप प्रदान गर्ने कार्य भएको छ । गभर्नर डा. युवराज खतिवडा र पिपुल्स बैंक अफ चाइनाका गभर्नरबाट भएको यो सम्झौताबाट दुई देशबीचको व्यापार, पर्यटनलगायत सेवा सम्बन्धी कारोवारको भुक्तानी र प्रत्यक्ष लगानी गर्दा वित्तीय संस्थाहरुबाट चिनियाँ मुद्रामानै कारोवार गर्न सकिने गरी सुनिश्चितता प्रदान गरिएको छ ।

नयाँ सम्झौतामा समेटिएका प्रमुख विषयहरु देहाय अनुसार रहेका छन् ।

१. नेपाली वाणिज्य बैंकहरुले अबदेखि चीनको जुनसुकै वाणिज्य बैंकका शाखाहरुमा चिनिया मुद्रा युआनमा खाता खोल्न सक्नेछन् । यसले चीनबाट आयातको भुक्तानी गर्न तथा व्यापारिक प्रयोजनका लागि युयानमा प्रतीतपत्र खोल्न र त्यस्तै अन्य व्यापारिक कारोवारलाई सहज वनाउन मद्दत पुग्नेछ । त्यसैगरी परामर्श लगायतका सेवाको भुक्तानी, वैदेशिक ऋणको सांवा व्याजको भुक्तानी र प्रत्यक्ष वैदेशिक लगानी युयानमा हुन सक्नेछ ।

२. नयाँ व्यवस्थाबाट नेपालका बैंक तथा वित्तीय संस्था वा विदेशी मुद्रा कारोवारका लागि इजाजत प्राप्त संस्थाहरुले चिनिया पर्यटकका अतिरिक्त अन्य ग्राह्य व्यक्तिहरुसँग पनि चिनिया मुद्रा खरिद विक्री गर्न सक्नेछन् । जसबाट चिनिया मुद्राको नगद कारोवारमा सहजता आउनेछ ।

३. विद्यमान सम्झौतामा रहेको २ दुई वर्षमा नवीकरण गर्दै जानु पर्ने व्यवस्था खारेज गरी अब नयाँ अन्य कुनै विकसित सम्झौता नभएसम्म यो सम्झौता लागु रहने व्यवस्था गरिएको छ ।

अबदेखि, नेपाली आयात/निर्यात कर्ताले आफूले चाहेमा चीनसँगको व्यापारमा चिनियाँ मुद्रा युआन समेतको प्रयोग गर्न सक्नेछन् जसबाट विनिमय दरमा हुने उतार चढावको जोखिमलाई कम गर्न सहयोग पुग्नेछ । आगामी दिनमा आवश्यक देखिए दुई केन्द्रीय बैंकहरु वीच योभन्दा विकसित स्वरुपको दुई पक्षीय **Currency Swap** जस्ता सम्झौता गर्नका लागि सँगै कार्य गर्ने सहमति समेत भएको छ ।

## नेपाल राष्ट्र बैंकलाई चिनियाँ अन्तरबैंक ऋणपत्र बजारमा लगानीको प्राप्त सीमा वृद्धि गर्ने सम्बन्धमा समझदारी

गभर्नर डा. युवराज खतिवडाले पिपुल्स बैंक अफ चाइनाका गभर्नर **Dr. Zhou Xiaochuan** र डेपुटी गभर्नर श्री **YI Gang** सँगको भेटवार्ताका क्रममा पिपुल्स बैंक अफ चाइनाबाट नेपाल राष्ट्र बैंकलाई चिनिया मुद्रामा अन्तर बैंक ऋणपत्र बजारमा लगानीका लागि प्राप्त कोटाको सीमा बृद्धि गर्न अनुरोध गर्नुभयो । यस सम्वन्धमा डेपुटी गभर्नर श्री **YI Gang** ले नेपाल राष्ट्र बैंकले कोटा वृद्धिका लागि अनुरोध पत्र पठाउन र सो पश्चात पिपुल्स बैंक अफ चाइनाबाट यथासक्य छिटो सीमा वृद्धि गरिदिने विश्वास समेत दिलाउनु भयो ।

सम्झौता, वार्ता तथा छलफलका अवसरमा गभर्नर डा. युवराज खतिवडाका साथ नेपाल राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभागका का.मु. कार्यकारी निर्देशक श्री भिष्मराज ढुंगाना, निर्देशक श्री राजेन्द्र पण्डित र वित्तीय जानकारी इकाईका निर्देशक श्री मुकुन्द महतको समेत सहभागिता रहेको थियो ।

**२०७१ पुस ११ गते शुक्रबार**

**गभर्नरको कार्यालय**